# माछापुच्छ्रे बैंक लिमिटेडको
# एक्काईसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७६/०६/०२ मा बसेको संचालक समितिको ४०४औं वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको एक्काईसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

**मिति** : २०७६ साल आश्विन २४ गते (तद्नुसार ११ अक्टोबर २०१९), शुक्रबार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति :**

(क) डा. बिरेन्द्र प्रसाद महतो - अध्यक्ष
(ख) श्री गोपीकृष्ण न्यौपाने - सञ्चालक/लेखापरिक्षण समितिका संयोजक
(ग) श्री जय मुकुन्द खनाल - सञ्चालक
(घ) श्री विश्व प्रकाश गौतम - सञ्चालक

(संचालक श्री रोशन के.सी.ज्यू स्वास्थ्य स्थितीको कारणले र संचालक श्री ओमेश लाल श्रेष्ठज्यू पूर्व निर्धारित अन्त्यन्त जरुरी कार्यको कारणले साधारण सभामा उपस्थित हुन नसक्ने व्यहोरा अध्यक्षज्यू मार्फत साधारण सभालाई जानकारी गराई अनुपस्थित रहनु भयो ।)

**व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

(क) श्री सुमन शर्मा - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सन्तोष कोईराला - नायव प्रमुख कार्यकारी अधिकृत
(ग) श्री टिका भट्टराई - कम्पनी सचिव
(घ) श्री समिरजंग रायमाझी - सामान्य प्रशासन विभाग प्रमुख
(ङ) श्री भुवनसिंह खत्री - प्रादेशिक प्रमुख, गण्डकी प्रदेश
(च) श्री सुभाष जमरकट्टेल - प्रमुख वित्त अधिकृत
(छ) श्री खगेन्द्र पौडेल - नायव प्रमुख, आन्तरिक लेखा परिक्षण विभाग

**आमन्त्रितहरूको उपस्थिति :**

(क) श्री बालकृष्ण ढकाल - कानुनी सल्लाहकार
(ख) श्री गोपाल प्रसाद राजवहाक - जि.पी. राजवहाक एण्ड कम्पनी, लेखापरीक्षक

Machhapuchchhre Bank Ltd. Head Office

**शेयरधनीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ३१४ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ६२ जना |
| | **जम्मा उपस्थिती** | - | **३७६ जना** |

४. **सभाको सुचना :**

एक्काईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७५/७६ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको बार्षिक साधारण सभाको सूचना मिति २०७६ आश्विन ३ गतेको आर्थिक अभियान, आश्विन ६ गतेको कारोबार राष्ट्रिय दैनिक र आश्विन १५ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित भएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाज दैनिक, हिमदुत दैनिक र पोखरापत्र दैनिकहरुमा समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना तथा संचालक समितिको प्रतिवेदन सहितको विस्तृत बार्षिक प्रतिवेदन उपलब्ध भएसम्म शेयरधनीहरुको ईमेल ठेगानामा र मोवाईल नम्बर उपलब्ध भएसम्म एसएमएस मार्फत समेत बार्षिक साधारण सभाको जानकारी दिईएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब र सोही अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक जि.पि.राजवहाक एण्ड कं. कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ती हुन योग्य हुनुहुन्छ) ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ८८,६१,२६,२३०.०० (अर्थात चुक्ता पूँजीको ११.०० प्रतिशतका दरले नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) प्रदान गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार सेयरधनीहरुलाई रु. ४०,२७,८४,६५०.०० (अर्थात चुक्ता पूँजीको ५.०० प्रतिशतका दरले वोनस सेयर वितरण गर्न स्वीकृत गर्ने,

२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।



MachhapuchchhreBank Ltd. Head Office

३. विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

ग. **विविध :** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ३५,०५८ (क-ख समुह) | ३७६ (स्वयं ३१४ जना र प्रतिनिधिपत्रद्वारा ६२ जना) | ४,६८,४५,९३२ | ५८.१५% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५८.१५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कार्वाही अगाडि बढ्यो ।

## ८. संचालक श्री जय मुकुन्द खनालज्यूबाट स्वागत मन्तव्य :

बैंकका स्वतन्त्र संचालक श्री जय मुकुन्द खनालज्यूले बैंकको यस एक्काईसौं वार्षिक साधारण सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई बैंक तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो ।

प्रत्येक वर्ष आयोजना गरिने वार्षिक साधारण साभाको उद्देश्य गत वर्ष भएका/गरिएका सम्पूर्ण क्रियाकलापहरुको समीक्षा गर्न शेयरधनीहरु समक्ष संचालक समितिका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दै ती अनुभव, सिकाई र समीक्षाबाट प्राप्त अनुभव र सिकाईका आधारमा आगामी वर्षका लागि कार्य योजना लक्ष्य, उद्देश्य र कार्य नीति तयार गर्न शेयरधनीहरुको अमूल्य सल्लाह, सुझाव तथा मार्गदर्शन प्राप्त गर्ने अवसरको रुपमा लिएको वताउनु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

२१ वर्ष अघि स्थापित यो बैंक पोखरा लगायत सम्पूर्ण गण्डकी प्रदेश बासीको माया ममता र देश भर रहनु भएका हाम्रा आदरणीय शेयरधनी र ग्राहक महानुभावहरुको साथ र सहयोगबाट मुलुककै अग्रणी बाणिज्य बैंकको रुपमा स्थापित हुँदै गईरहेको छ । बैंक संचालनको विषय विभिन्न प्रकारका आन्तरिक एवं वाह्य वातावरण, देशले अंगिकार गरेको वित्तीय एवं मौद्रिक नीति, प्रतिस्पर्धीहरुले अवलम्बन गरेका रणनीति, अन्तर्राष्ट्रिय व्यापार लगायत अनगिन्ती कारणले दिन प्रति दिन कठीन हुँदै गई रहेको तथ्य प्रति यहाँहरु सर्वथा जानकार हुनु भएकै छ । यस्तो अवस्थामा समेत हाम्रो बैंक खरो उत्रन सक्नु निकै चुनौतिको विषय हो । वर्तमान संचालक समितिको अर्जुन दृष्टि हाम्रो बैंकलाई कसरी व्यवसायिक रुपमा दिगो तुल्याई यसको व्यापार व्यवसायलाई बृद्धि गर्दै लगी उत्कृष्ट बैंकको रुपमा बैंकिङ्ग व्यवसायमा स्थापित रहने भन्ने लक्ष्यमा केन्द्रित रहेको छ । बैंकको दिगो र प्राकृतिक विकासका लागि समयोचित रणनीति निमार्ण, प्रतिस्पर्धात्मक बजारको पूर्व आँकलन र नाफा बृद्धि हाम्रो उद्देश्य सदैव रही रहेको छ । विद्यमान वित्तीय बजारमा अकस्मात् देखा पर्ने र अनायसै देखा पर्न आउने चुनौतिलाई के कसरी सल्टाई बैंकले राखेको लक्ष्य प्राप्त गर्ने भन्ने सन्दर्भमा बैंकको संचालक समिति हरपल चिन्तित रहेको छ । आफ्ना लगानीकर्ता र ग्राहकको लगानी तथा बचतको अत्युत्तम सुरक्षा गरी वहाँहरुलाई के कसरी कति ठूलो मात्रामा प्रतिफल दिन सकिन्छ भन्ने बारेमा संचालक समिति तथा बैंक व्यवस्थापन सदैव सजग रहेको व्यहोरा यहाँहरुलाई स्मरण गराउनु मेरो कर्तव्य रहेको छ ।

बैंकको २१ औं वार्षिक साधारण सभासंग सम्बन्धित वार्षिक प्रतिवेदनको पूर्णपाठ र बैंकको वित्तीय अवस्थाको विस्तृत जानकारी प्रतिवेदन पुस्तिका यहाँहरु समक्ष उपलब्ध गराई सकेका छौं । संचालक समितिका अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदनको सारांश समेत यस पछि प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । त्यसपछिको छलफलको कार्यक्रमबाट हामीले चालु आर्थिक बर्षका लागि अवलम्बन गरेका रणनीतिहरु यहाँलाई जानकारी गराउने नै छौं भने भावी दिनहरुमा यहाँहरुले उपलब्ध गराउनु भए/गराएका सुझाव सल्लाहलाई शिरोपर गरी अगाडि बढ्ने प्रतिबद्धता गर्दै सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पुनः दशैंको मध्यभागमा आयोजित यस बार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो ।

## ९. सभाका सभापतिज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान विवरण र सोही अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभाको छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

१. **श्री अमर तुलाचन**

(क) बैंकले १६% लाभांश वितरण गर्न सफल भएकोमा खुसी व्यक्त गर्दै सोमध्ये बोनस शेयर ५% मात्रै भएकोमा सोलाई आगामि बर्षहरुमा बडाउनु पर्ने ।

(ख) बैंकको बार्षिक प्रतिवेदन केही ढिलो मात्र प्राप्त हुन सकेको ।

(ग) बैंकको कर्मचारी खर्च तथा अपलेखन खर्च समेत बृद्धि भएको देखिएको हुँदा सो सम्बन्धमा स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

(घ) बैंकले आफ्नै सहायक कम्पनीहरु खोली धितोपत्र कारोबार तथा मर्चेण्ट बैंकिङ्ग सम्बन्धि काम गर्न लागेकोमा खुसी व्यक्त गर्नु भयो ।

(ङ) मर्जर एक्विजिसन् सम्बन्धि प्रस्ताव पेश भएकोमा सोलाई उचित निश्कर्षमा पुऱ्याउन सुझाव दिनु भयो ।

(च) बैंकको केन्द्रीय कार्यालय काठमाडौंमा स्थानान्तरण पश्चात समेत बार्षिक साधारण सभा पोखरामा गरेकोमा खुसी व्यक्त गर्नु भयो ।

२. **श्री युक्त बहादुर सुवेदी**

(क) बैंकले राम्रो प्रतिफल दिन सफल भएको र आगामि दिनहरुमा पनि यसलाई निरन्तरता दिन सफल होस् ।

(ख) बार्षिक प्रतिवेदन आकर्षक रहेको र समय मै प्राप्त भएको ।

(ग) बैंकले हाल आएर लगानीको उचित प्रतिफल दिन सफल भएको हुँदा अझ उन्नती गर्दै जान शुभकामना व्यक्त गर्नु भयो ।

(घ) विगत दुई बर्षको तुलनामा अन्य आम्दानी र ब्याज आम्दानीमा उल्लेख्य बृद्धि भएको ।

(ङ) कर्जा नोक्सानी व्यवस्था (NPA) घटेकोमा खुसी व्यक्त गर्दै आगामि बर्ष ०.२०% मा ल्याउन सुझाव दिनु भयो ।

(च) पोखरामा थप संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि कृयाकलापहरु गर्न अनुरोध गर्दै माछापुच्छ्रे हिमालबाट वगेको हिउँ पग्लेको पानीलाई जम्मा गरेर खाने पानीको व्यवस्था गर्न सके अत्यन्त राम्रो हुने विचार व्यक्त गर्नु भयो ।

(छ) संचालक समिति अन्तर्गत विभिन्न उपसमितिहरु गठन गरेर भएपनि कामलाई अझ तिव्रता दिनु पर्ने ।

(ज) छिमेकी देशहरुमा बिग मर्जर शुरु भईसकेको र नेपालमा पनि मर्जर आवश्यक भई सकेको विचार व्यक्त गर्दै मर्जरलाई प्राथमिकतामा राखेर काम गर्न सुझाव दिनु भयो ।

३. **श्री कृष्ण प्रसाद अधिकारी**

(क) बार्षिक प्रतिवेदन राम्रो बनेको र यसमा बैंकका शाखाहरुलाई नेपालको नक्सा राखेर नै शाखाहरु देखाउन सकेको भए अझ राम्रो हुने थियो ।

(ख) बार्षिक प्रतिवेदनमा विभिन्न वित्तीय विवरणहरु अंग्रेजी भाषामा रहेको हुँदा आगामि बर्षहरुमा नेपाली भाषामा नै तयार गर्न सुझाव दिनु भयो ।

(ग) बार्षिक प्रतिवेदनमा विभिन्न कार्यक्रमहरुको फोटो प्रकाशित गरेकोमा खुसी व्यक्त गर्दै सोमा बैंकको बार्षिक साधारण सभाका फोटोहरु समेत समावेश गरेको भए अझ राम्रो हुन्थ्यो ।

(घ) बार्षिक साधारणसभा पोखरा र काठमाडौंमा पालो पालो गर्न सके काठमाडौंका शेयरधनीहरुलाई समेत सहज हुने थियो ।



Machhapuchchhre Bank Ltd. Head Office

४. श्री चन्द्र नारायण श्रेष्ठ

(क) बैंकले १६ प्रतिफल लाभांश वितरण गर्न सफल भएकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो ।

(ख) बार्षिक प्रतिवेदनमा अध्यक्षज्यूको एक पेजको छोटो मन्तव्य समेत प्रकाशित गर्न सुझाव दिनु भयो ।

(ग) बैंकको Return on Net Assets न्यूनतम २% पुऱ्याउनु पर्ने राय व्यक्त गर्नु भयो ।

(घ) आगामि बर्ष बैंकको खुद मुनाफा बृद्धि गरी रु. २ अर्ब पुऱ्याउने गरी कार्य गर्न सुझाव दिनु भयो ।

(ङ) बैंकको कार्यसम्पादन अन्य बैंकहरुको तुलनामा औषतभन्दा अगाडि हुनु पर्ने सुझाव दिनु भयो ।

५. श्री सूर्य बहादुर के.सी.

(क) बैंकले औषत आम्दानी गर्दै आएको र आम्दानीको बृद्धिको दर पहिले भन्दा खस्किँदै गएकोमा चिन्ता व्यक्त गर्नु भयो ।

(ख) बैंकले ठूला परियोनामा भन्दा साना साना कर्जाहरुलाई प्राथमिकतामा राखेर कार्य गर्नु पर्ने ।

(ग) आफ्ना ग्राहकहरुलाई नयाँ नयाँ सेवा तथा सुविधाहरु प्रदान गर्ने र गाउँ गाउँ सम्म सेवा विस्तार गर्नु पर्ने ।

(घ) कृषि, साना उद्योग जस्ता क्षेत्रहरुमा अध्ययन गरेका व्यक्तिहरुको समेत बैंकमा दरबन्दी कायम गरी त्यस्ता व्यवसायमा गरिने लगानीलाई थप व्यवसायिकता प्रदान गर्नु पर्ने ।

(ङ) हाल देशको आर्थिक नीतिले नै मर्जर/ एक्विजिसनलाई प्राथमिकतामा राखेको हुँदा बैंकले पनि मर्जर/ एक्विजिसन तर्फ संवेदनशील भई अगाडि बढ्नु पर्ने ।

६. श्री इन्द्र कृष्ण श्रेष्ठ

(क) बैंकको जग पोखरामा रहेपनि काठमाडौंमा तला थपिएको छ ।

(ख) केन्द्रीय कार्यालय काठमाडौंमा स्थानान्तरण भईसकेको हुँदा अब साधारण सभा पनि काठमाडौंमा गर्नु पर्ने सुझाव दिनु भयो ।

(ग) बैंकले १६ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा खुसी व्यक्त गर्दै यसलाई अझ बढाउँदै लैजानु पर्ने ।

७. श्री शिव प्रसाद पौडेल

(क) बैंकले १६ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो ।

(ख) कर्जा नोक्सानी व्यवस्था ०.४४ प्रतिशतबाट ०.३७ प्रतिशतमा घटाउन सफल भएकोमा खुसी व्यक्त गर्दै यसलाई अझ कम गर्न सुझाव दिनु भयो ।

(ग) बैंकले समय मै बार्षिक साधारण सभा गर्न सफल भएको ।

(घ) हालै बैंकिङ्ग क्षेत्रमा Swift ह्याक भएको, विभिन्न बैंकहरुको ATM प्रणाली ह्याक भएको घटनाहरुको सम्बन्धमा यस बैंकले सजकता अपनाउँदै बैंकमा त्यस्ता घटनाहरु हुन नदिन तथा जोखिम नियन्त्रण गर्न उचित कदम चाल्नु पर्छ । नियन्त्रण प्रणालीमा खर्च गर्नु पर्छ ।

(ङ) बैंकको साधारण सभाको सूचना एसएमएस तथा ईमेलबाट दिएकोमा खुसी व्यक्त गर्नु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

(च) यस्तै गरी बैंकका ऋणीहरुलाई पनि कर्जाको किस्ता तिर्न एसएमएसबाट सूचना प्रवाह गर्न सकेमा कर्जा असुलीमा थप सहयोग पुग्ने बिचार व्यक्त गर्नु भयो ।

(छ) बैंकिङ्ग व्यवसायलाई Fully Digitalization गर्दै लैजानु पर्छ ।

(ज) संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा नगद प्रदान गर्नु उपयुक्त नहुने हुँदा सामाजिक कामहरुमा आँफै सहभागि भई सहयोग गर्नु पर्छ ।

(झ) यस साधारण सभामा पेश भएको बोनस शेयर र नगद लाभांश यथाशिघ्र वितरण शुरु गर्नु पर्ने ।

## ८. श्री उत्तम पाठक

(क) बैंकको कर्जा नोक्सानी व्यवस्था ०.३७ प्रतिशत कायम राख्न सकेकोमा खुसी लागेको ।

(ख) एटिएम तथा बैंकको सूचना प्रणाली सुरक्षामा विशेष ध्यान दिनु पर्ने ।

(ग) बैंकले विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कृयाकलापहरु संचालन गर्दै आएकोमा खुसी व्यक्त गर्दै यसलाई थप विस्तार गर्दै जानु पर्ने ।

(घ) साविक संचालक श्री राममान श्रेष्ठको ठाउँमा रिक्त रहेको संचालक पद यथाशिघ्र पदपूर्ति गर्नु पर्ने ।

(ङ) बैंकको बार्षिक साधारण सभा काठमाडौं र पोखरामा पालो पालो गर्नु पर्ने ।

(च) वडा दशैंको अवसरमा साधारण सभा रहेको हुँदा वडा दशैं एवं दिपावलीको सबैलाई शुभकामना व्यक्त गर्नु भयो ।

## ९. श्री डम्मरु बल्लव घिमिरे

(क) बैंकले चाँडै साधारण सभा गर्न सफल भएकोमा हार्दिक धन्यवाद ।

(ख) बार्षिक प्रतिवेदन राम्रो लाग्यो ।

(ग) बैंकले मुनाफा बढाएर १६ प्रतिशत लाभांश प्रस्ताव गर्न सफल भएकोमा खुसी व्यक्त गर्नु भयो ।

(घ) सहायक कम्पनीहरु खोलेर धितोपत्र बजार र मर्चेण्ट बैंकिङ्ग कार्य शुरु गर्न लागेकोमा धन्यवाद ।

(ङ) बार्षिक प्रतिवेदनका वित्तीय विवरणहरु समेत नेपाली भाषामा छाप्नु उपयुक्त हुने ।

## १०.श्री उद्धव प्रसाद घिमिरे

(क) बैंकिङ्ग क्षेत्रको सूचना प्रणालीको सुरक्षामा देखिने गरेको चुनौतीलाई ध्यानमा राखी मजबुद सुरक्षा प्रणाली अपनाउनु पर्ने ।

(ख) सरकारले घोषणा गरेको भ्रमण बर्ष अवधि भरी बैंकले समेत आफ्नो ब्राण्डिङ्ग तथा बिज्ञापनहरुलाई बृद्धि गरी थप व्यवसाय बृद्धि गर्न सकिने ।

(ग) बैंकको फि, कमिशन तथा विदेशी मुद्रा सटही आम्दानी कमी भयो । सोलाई थप बृद्धि गर्नु पर्ने ।



Machhapuchchhre Bank Ltd. Head Office

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एवं महत्वपूर्ण सुझाव तथा सल्लाह दिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

(क) बैंकको बार्षिक प्रतिवेदनमा बार्षिक साधारण सभाको फोटोहरु समेत समावेश गर्नु पर्ने तथा अध्यक्षज्यूको छोटकरी मन्तव्य राख्नु पर्ने सुझावको सम्बन्धमा आगामि आर्थिक बर्षको बार्षिक प्रतिवेदनमा समावेश गरिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

(ख) बैंकले शेयरधनीहरुलाई साधारण सभाको सूचना एसएमएस मार्फत दिएजस्तै ग्राहकहरुलाई कर्जाको किस्ता तिर्न/ नियमित गर्नको लागि समेत एसएमएस मार्फत सूचना दिने गरिएको छ ।

(ग) बैंकिङ्ग व्यवसायलाई शत प्रतिशत Digital Banking को रुपमा परिणत गर्न नसकिने भएता पनि Digital Banking लाई प्राथमिकताका साथ अवलम्बन गर्दै अगाडि बढ्न बैंक कृयासिल रहेको छ ।

(घ) देशको बैंकिङ्ग क्षेत्रमा विगत केही समयदेखि देखिएको तरलता अभावको अवस्था अझै केही समयसम्म रहने देखिन्छ, जसको कारणले तत्कालै ब्याजदर कम हुने सम्भावना देखिँदैन ।

(ङ) बैंकले समिक्षा अवधिमा शाखा विस्तार गरी धेरै गाउँ पालिका तथा नगरपालिकाहरुमा आफ्नो शाखा सञ्जाल विस्तार गरेको र यसलाई अगामि बर्षहरुमा समेत निरन्तरता दिइने छ ।

(च) बैंकले संचालन गर्दै आएको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरुलाई निरन्तरता दिइने छ र पैसा प्रदान गर्ने भन्दा पनि सामाजिक कार्यहरुमा स्वयं सहभागि हुने प्रकृतिका कार्यहरुलाई प्राथमिकता दिइने छ ।

(छ) Cyber Security मा खर्च गरी जोखिम नियन्त्रण गर्न तथा जोखिम व्यवस्थापनमा बैंक सचेत रहेको र यसलाई उच्च प्राथमिकतामा राखेको छ ।

(ज) साना तथा मझौला व्यवसायलाई प्राथमिकतामा राख्ने कुरामा बैंकले सँधै जोड दिँदै आएको छ । तथापी, शुल्क तथा कमिशन सम्बन्धी आम्दानीहरुका लागि ठूला व्यवसायहरुलाई समेत उपेक्षा गर्न नसकिने हुँदा सबै किसिमका व्यवसायहरुमा गरिने लगानीको उचित सन्तुलन तयार गरी लगिने छ ।

(झ) बैंकले विपन्न बर्गमा समेत प्रत्यक्ष रुपमा लगानी गर्ने गरेको र सोबाट राम्रो आम्दानी समेत हुने हुँदा त्यसलाई निरन्तरता दिइनेछ ।

(ञ) बैंकले आफ्ना एटिएमहरु विभिन्न ठाउँमा राख्ने कार्यलाई तिव्रता दिईएको हुँदा केही समय अगाडि नेपालमा ATM Network Hack भई भिषा कार्डको नेटवर्क नचलेको अवस्थामा समेत हाम्रा आफ्नै एटिएमहरुमा नियमित रुपमा कार्ड संचालन हुने सकेको थियो । जसको कारणले ग्राहकहरुले एटिएम सेवाबाट बञ्चित हुनु परेन ।

(ट) हालै बैंकिङ्ग क्षेत्रमा देखिएको ATM Hack, Swift Hack जस्ता दुर्घटनाहरुबाट यस बैंकलाई खासै ठूलो नोक्सान नभएको र यस्ता जोखिम नियन्त्रणमा बैंक सचेत रहेको छ ।

(ठ) बैंकको हाल रिक्त रहेको संचालक पदमा पदपूर्ति गर्नु पर्ने सम्बन्धमा संचालक समितिमा छलफल गरी उचित निर्णय लिइनेछ ।

(ड) साधारण सभा काठमाडौंमा पनि गर्नु पर्ने भन्ने सम्बन्धमा संचालक समितिमा छलफल गरी निर्णय लिइने छ ।

(ण) बैंकले हालसम्म गरेको उपलब्धिहरुको लागि शेयरधनी महानुभावहरुले गर्नु भएको प्रशंसाको लागि कृतज्ञता व्यक्त गर्दै आगामि दिनहरुमा यसलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

## ११. सभाको निर्णय :

### (क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान विवरण र सोही अवधीको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११, ११२ र दफा १६५ (घ) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको २०७३ को दफा ६१ उपदफा (ङ) बमोजिम बैंकको वर्तमान लेखापरीक्षक G.P Rajbahak & Co, चार्टर्ड एकाउन्टेण्टस् पुनः नियुक्त हुन सक्ने अवस्था रहेको र निजको आर्थिक वर्ष २०७५/७६ को कार्यक्षमता सन्तोषजनक रहेकोले लेखा परीक्षण समितिबाट लेखापरीक्षण शुल्क लगायत Tax Audit, Long Form Audit Report (LFAR), कम्पनी ऐन, २०६३ को दफा ७८ को प्रतिवेदन प्रमाणीकरण, संस्थागत सुशासन सम्बन्धी बार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण तथा वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरी अन्य विविध खर्चको सिमा लगायत Statutory Auditor ले गर्नुपर्ने सम्पूर्ण कार्यहरुको लागि कूल लेखापरीक्षण शुल्क कर बाहेक रु. १६,५०,०००/- (सोह्र लाख पचास हजार रुपैयाँ मात्र) प्रदान गर्ने गरी वर्तमान लेखापरीक्षक G.P. Rajbahak & Co., चार्टर्ड एकाउन्टेण्टसलाई नै लेखा परीक्षक नियुक्तीका लागि सिफारिस गर्ने निर्णय गरिएको हुँदा सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका संयोजक श्री गोपी कृष्ण न्यौपानेज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई रु. ८८,६१,२६,२३०.०० (अर्थात चुक्ता पूँजीको ११.०० प्रतिशत (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) का दरले नगद लाभांश वितरण गर्न पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

### (ख) विशेष प्रस्ताव तर्फ :

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ४०,२७,८४,६५०.०० (अर्थात चुक्ता पूँजीको ५.०० प्रतिशतका दरले) वोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।



Machhapuchchhre Bank Ltd. Head Office

३. विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा विशेष प्रस्ताव नं. ३ बमोजिम बैंकको प्रबन्धपत्रमा दफा ५(ख) र ५(ग) मा निम्न बमोजिम संशोधन गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय ( जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि सभापतिज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्ध पत्र**

**दफा ५ : बैंकको पूंजीको संरचना :** कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हुनेछ :

(ख) बैंकले तत्काल जारी गर्ने सेयर पूँजी न्युनतम रू.८,४५,८४,७७,७००/– (अक्षेरेपी आठ अर्ब पैतालीस करोड चौरासी लाख सतहत्तर हजार सात सय मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ८,४५,८४,७७७ (आठ करोड पैतालीस लाख चौरासी हजार सात सय सतहत्तर थान) साधारण सेयरमा विभाजित गरिएकोछ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रू.८,४५,८४,७७,७००/– (अक्षेरेपी आठ अर्ब पैतालीस करोड चौरासी लाख सतहत्तर हजार सात सय मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ८,४५,८४,७७७ ( आठ करोड पैतालीस लाख चौरासी हजार सात सय सतहत्तर थान) साधारण सेयरमा विभाजित गरिएकोछ ।

**विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।**

## १२. सभापतिज्यूबाट सभाको विषर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्तिबाट पारित भएको घोषणा गर्नु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो एक्काईसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

MachhapuchchhreBank Ltd. Head Office

..................
टिका भट्टराई
कम्पनी सचिव

..................
डा. बिरेन्द्र प्रसाद महतो
सभाका सभापति/अध्यक्ष